# कञ्चनरुप नगरपालिका

# स्थानीय राजपत्र

खण्डः२ संख्याः१ प्रमाणिकरण मिति २०७५/०७/२०

## भाग–२

## कञ्चनरुप नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कञ्चनपुर, सप्तरी
## २ नं. प्रदेश नेपाल

कञ्चनरुप नगरपालिकाको स्वास्थ्य तथा सरसफाई

कार्यविधि,२०७५

कञ्चनरुप नगरपालिका

# कञ्चनरुप नगरपालिकाको स्वास्थ्य तथा सरसफाई

कार्यविधि, २०७५

प्रमाणिकरण मिति २०७५/०७/२०

प्रस्तावना :-

स्थानीय बासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाई सेवा प्रदान गर्ने कार्यमा नगरपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सो को व्यबस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान को धारा २२१ को अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेको छ ।

## परिच्छेद :- १

प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भ :-

क) यस कार्यविधिलाई कञ्चनरुप नगरपालिकाको स्थानीय तथा सरसफाई सेवा कार्यविधि ऐन,२०७५ भनिनेछ ।

ख) यो कार्यविधि कञ्चनरुप नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भए पश्चात लागु हुने छ ।

२. परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यविधि" भन्नाले कञ्चनरुप नगरपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई कार्यविधि २०७५ लाई सम्झनु पर्छ ।

ख) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ ।

ग) "कार्यपालिका" भन्नाले कञ्चनरुप नगरपालिकाको कार्यापालिकालाई सम्झनु पर्छ ।

घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

ङ) "निजी" भन्नले सेवाको संगसंगै नाफाको समेत उद्देश्य राखी संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्छ ।

च) "ट्रष्ट वा लोक कल्याणकारी" भन्नाले ट्रष्ट वा लोक कल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

छ) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार नगरपालिकामा गठित स्वास्थ्य सेवा तथा सरसफाई समितिलाई सम्झनु पर्दछ ।

ज) "व्यवस्थापन समिति" भन्नाले दफा ७ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य चौकीलाई सम्झनु पर्दछ ।

## परिच्छेद :- २

### आधारभुत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्थापन

३. आधारभुत स्वास्थ्य सेवा प्रदायकहरु :- स्थानीय स्तरमा आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन ।

१) सरकारी वा सामुदायिक :- सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पतालन, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक संस्था हुनेछन् ।

२) निजि क्षेत्रद्वारा संचालित अस्पताल, पोलिक्लिनिक स्वास्थ्य सेवा प्रदायक संस्था हुनेछन् ।

३) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थ :- ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने संस्थाहरु पर्दछ ।

४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड :- संघीय सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

५. स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समिति गठन, काम, कर्तव्य र अधिकार

१। स्थानीय नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्थानीय स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुनेछ ।

क) नगर प्रमुख अध्यक्ष

ख) नगर उप-प्रमुख वा नगर उप-प्रमुखले तोकेको कार्यपालिका सदस्य-उपाध्यक्ष
ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य
घ) कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य तथा अल्प संख्यक सदस्य मध्ये २ जना सदस्य ।
ङ ) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञयहरु मध्येवाट प्रत्येक दुई वर्षमा परिवर्तन हुने गरी कार्यपालिकाले तोकेको १ जना सदस्य
च) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येवाट नगर प्रमुखले तोकेको १ जना सदस्य

छ) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना सदस्य
ज) आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख सदस्य सचिव

६. स्वास्थ्य सेवा सरसफाई अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।
१। आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाई योजना तयार गर्ने ।
२। नगरपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।
३। स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग बनाउने ।
४। स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन  गर्ने गराउने ।
५। स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।
६। स्वास्थय विशेषज्ञयहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।
७। स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।
८। नगर कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाई क्षेत्रमा अवश्यक सुझाव र सल्लाह दिने ।
९। तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

७. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार
१. सामुदायिक अस्पताल तथा प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकीको सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टा छुट्टै व्यवस्थापन समिति गठन गरिने छ ।
१.१ सम्बन्धित वडाअध्यक्ष वा वडाअध्यक्षले तोकेको वडा सदस्य अध्यक्ष
१.२ स्वास्थ्य क्षेत्रमा क्रियाशिल मध्ये वडा समितिबाट मनोनित महिला वडा सदस्य १ जना सदस्य
१.३  सम्बन्धित वडा भित्रका महिला स्वास्थ्य स्वयंसेविका मध्ये वडा समितिले मनोनित गरेको १ जना सदस्य
१.४ सम्बन्धित वडाको वडा सचिव सदस्य
१.५ सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख सदस्य सचिव
२. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य निम्नानुसार हुनेछन् ।
२.१ आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई  सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्ने ।
२.२ संस्थामा परेको समस्याहरुको समाधानमा आवश्य कार्य गर्ने ।
२.३ वर्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने ।
२.४ सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।
२.५ स्वास्थ्य घुम्ति शिविरहरु संचालन गर्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथ व्यवस्थापन गर्ने ।
२.६ केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धित कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

८. बैंक खाता संचालन :- हरेक स्वास्थ्य संस्थाले बैंक खाता खोल्न सक्नेछ ।
१। स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुने छ ।
२। उपदफा १ बमोजिमको लेखा परीक्षण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद :- ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्बन्धी मापदण्ड

९. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

१. अस्पताल :- नगरपालिका आफैले तोकिएको मापदण्ड  पुरा गरी अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न नगरपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

२. स्वास्थ्य चौकी :- नगरपालिकाले प्रत्येक वडामा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्नुपर्छ ।

२.१ जनशक्ति :- सि.अ.हे.व./हेल्थ असिस्टेण्ट- ६/५ तह १ जना, सि.अ.हे.व./अहेव ४/५/६ तह-३ जना, सि.अ.न.मी./अ.न.मी.-४/५/६-२ जना, का.स.-१ जना र वर्थिङ्ग सेन्टरको हकमा अ.न.मी.- एक जना तथा आवश्यकता अनुसार सहायक कर्मचारीहरु

२.२ यस नगरपालिकाको सामाजिक विकास शाखा अन्तर्गतको स्वास्थ्य शाखा वा स्वास्थ्य इकाईको हकमा संघीय सरकार तथा माथिलो निकायबाट तोकिएको दरवन्दी वा वाहेकको थप कर्मचारीको रुपमा यो कार्यविधि प्रारम्भ हुँदाका बखत स्वास्थ्य शाखामा कार्यरत कर्मचारीहरु साविककै जिम्मेवारीका साथ स्वत: समायोजन भएको मानिनेछ ।

२.३ भवन कोठा :- प्रशासन कक्ष, औषधी भण्डार तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन

२.४ उपकरण : प्राथमिक उपचारका उपकरणका आधारभूत उपकरण,

३. नगरपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योग ध्यान लगायतका वैकल्पिक चिकित्सा सेवा को प्रवर्द्धनका लागि वा ट्रष्टहरुसंगको साझेदारीमा वा नगरपालिका आफैंले कम्तीमा एउटा आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्नुपर्नेछ ।

१०. निजि क्षेत्रले वा लोक कल्याणकारी संस्था वा ट्रष्टले अस्पताल संचालन गर्न सक्ने ।

१। नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र तथ ट्रष्ट वा लोक कल्याणकारी संस्थाद्वारा अस्पताल संचालन अनुमती नगरपालिकाले दिने सक्नेछ ।

२। उपदफा १ बमोजिमको अस्पताल संचालन गर्न चाहेको निकायले अनुमतीको लागि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिन सक्नेछ ।

३। स्वास्थ्य सेवा तथा सरसफाई अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमान गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको लागी स्वीकृती प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न नगर कार्यापालिकालाई सिफारिस गर्नेछ ।

४। उपदफा ३ को आधारका नगरकार्यपालिकाले ६ महिनाको समयभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृर्त प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

५। तोकिएको समयसीमा भित्र यसै कार्यविधि बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा  निवेदन दिनु पर्नेछ ।

६। उपदफा ५ बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्नेछ ।

७। आशयपत्रमा उल्लेख गरिएको समय सिमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृती हुने छैन ।

११. अस्पताल संचालन गर्न आवश्यक मापदण्ड :- नगरपालिकाको स्वीकृतीमा संचालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्छ ।

१। जनशक्ति :- कम्तिमा ४ जना एम. वि. वि.एस. डाक्टर, कम्तिमा ८ जना स्टाफ नर्स, हेल्थ अस्ष्टिेन्ट ४, कम्तिमा २ जना ल्याब टेक्निसियन र आवश्यकतानुसार सहायक र सहयोगी स्वास्थ्यकर्मी हुनुपर्ने ।

२। भवन तथा कोठा :- दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ,

३। उपकरण र पूर्वाधार :- सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी फोहर ब्यवस्थापन, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर ब्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

४। अन्य पूर्वाधार तोकिए वमोजिमको हुनुपर्नेछ ।

१२. पोलिक्लिनिक संचालनको अनुमती :-

१. नगरपालिकाले आफ्ने कार्यक्षेत्रमा कुनै ब्यक्ति वा संस्थाले पोलिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

१३. प्रयोगशाला वा ल्याबोरेटोरी संचालन :- व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न चाहेमा देहाय  बमोजिमको विवरण सहित नगरपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

१। संचालकको विवरण र नागरिताको प्रमाणपत्र
२। प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान, घरधनी र संचालकबीचको घरभाडा सम्बन्धी संझौता पत्र
३। रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाण-पत्र र काम गर्न इच्छुक भएको पत्र
४। ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार
५। ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण
६। प्रस्तावित लागत

१४. फार्मेसी संचालनको अनुमती :-
१। नगरपालिका क्षेत्रभित्र फार्मेसी संचालन गर्न नगरपालिका बाट अनुमति लिनु पर्नेछ।
२। आधारभूत फार्मेसी शिक्षा प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान, विक्रि वितरण गर्ने र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्नेछ।
३। फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नगरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेश गर्नुपर्ने।
४। प्राप्त विवरण सहितको आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सकिनेछ।

१५. मापदण्ड पुरा नगरेमा सजाय हुने :-
१। स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिंदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा अनुगमन समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ।
२। प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिन सकिनेछ।
३। फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिनेछ।

१६. सहुलियत र छुटको व्यवस्था गर्नुपर्ने :- निजी र ट्रष्ट मार्फत सञ्चालानमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क नगरपालिका सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट दिनु पर्नेछ।

## परिच्छेद : ४

१७. स्वास्थ्यकर्मीको व्यवस्थापन : नगरपालिका भित्र स्वास्थ्यकर्मीहरु मार्फत आधारभूत स्वास्थ्य प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :
१। स्थायी : नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएको स्वास्थ्यकर्मीहरु तथा लोकसेवाबाट नियुक्ति सिफारिस भई आएका स्वास्थ्यकर्मीहरु।
२। करार : स्थानीय माग र विशिष्टताका आधारमा नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु
३। अभ्यासकर्ता : स्थानीय स्तारमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई अध्ययन गरेकोहरुलाई स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले भर्ना गर्न सक्नेछ। यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ, सो को लागी शर्तहरु पालना गर्नुपर्नेछ।
४। स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका :

१८. अभियानकर्ता/स्वास्थ्य स्वयसेविकाको व्यवस्था :- स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउने र जनचेतना फैलाउन नगरपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु नियुक्त गर्न सक्नेछ।
१। महिला स्वयंसेविका र पुरुष अभियानकर्ताहरु नियूक्तिका लागि २१ वर्ष पुरा भई ४० ननाघेको, शैक्षिक योग्यता न्युनतम ८ कक्षा अध्ययन गरेको सम्वन्धित वडाको विवाहित नागारिक हुनुपर्नेछ।
२। एउटा वडामा अधिकतम संख्या १० हुने गरी औसत प्रति ४०० जनसंख्याको लागि १ जना महिला स्वयसेविका र १ जना पुरुष अभियानकर्ताको सिफारिस वडा समितिले नगरपालिका समक्ष गर्न सक्नेछ।
३। प्रत्येक स्वयंसेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी १८ दिनको तालिम प्राप्त गरेको हुनुपर्नेछ। नगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम अभिमुखीकरण प्रदान गर्नेछ।

४। यस कार्यविधि लागु हुनु भन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये निरक्षर र ६० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको ब्यबस्था गरि बिदाइ गरिनेछ र नयाँ नियुक्त गर्दा कम्तिमा ८ कक्षा उतिर्णलाई मात्र नियुक्ति दिइनेछ ।

१९. स्वास्थ्यकर्मीको सेवा सुविधा :-

१। स्थायी स्वास्थ्यकर्मी : -नेपाल सरकारले तोकेको स्केल बमोजिमको, तलव भत्ता, र अन्य सुविधा साथै नगर कार्यपालिकाले तोके वमोजिमको थप सेवा सुविधा ।

२। करार स्वास्थ्यकर्मी :- प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिको नगरपालिकाले तोकेको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

३। अभियानकर्ता/स्वयंसेविका :- पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाईएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

२०. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्ति :- सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यर्मीको दरवन्दी तोकिए वमोजिम हुनेछ ।

१। दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन् । आवश्यक्तानुसार नगरपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ ।

२। सामुदायिक वा सरकारी स्वामित्वमा रहेका स्वास्थ्य संस्था वा स्वास्थ्यचौकी, नगर स्वास्थ्य शाखा तथा नगर स्वास्थ्य केन्द्रहरुमा (विशेष पदास्थापना र पदस्थापना भएका कर्मचारी) हे.ई. समूहका स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९० वमोजिम यस कार्यविधिको अनुसूची (१) को वर्गीकरणमा आधारित तहगत प्रणाली अवलम्बन गरी वरिष्ठताका आधारमा संस्थाको प्रमुख हुनेछ ।

३। स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी देहाय वमोजिमको छनौट समितिबाट हुनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी संयोजक

ख) प्रशासन हेर्ने अधिकृत नभएमा अन्य कर्मचारी सदस्य

ग) वडा अध्यक्षले तोकेको अधिकृत स्तर वा अन्य कर्मचारी एक जना सदस्य

घ) नगरपालिकाको आधारभूत स्वास्थ्य तथा सरसफाई उपशाखा प्रमुख सदस्य संचिब

४। छनौट समितिले आफ्नो मापदण्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२१. कर्मचारी सरुवा :

१। स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष सेव गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हनुपर्नेछ । विशेष परिस्थिती बाहेक न्यूनतम २ वर्ष एउटै संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

२। विशेष अवस्थामा बाहेक न्यूनतम २ वर्ष एकै संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा संरुवा हुने चाहेमा नगरपालिकामा सरुवाका लागि निवेदन दिने सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा र नगरपालिकाले आफ्नो क्षेत्र भित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

३। विशेष अवस्थामा भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य संस्था, पति/पत्नी सगैं रही सेव गर्न पाउने अवस्था वा अन्य चित्त बुझ्दो कारण समेत बुझिनेछ ।

४। माथि जे सुकै लखिएको भएता पनि नगरपालिकाले आवश्यक्ता र औचित्यको आधारमा कर्मचारी सरुवा गर्न सकिनेछ ।

२२. कार्यसम्पादन करार सम्झौत गर्नुपर्ने :- स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

१। नगरपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा सँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसंग कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेछ ।
२। कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्याकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका सक्षम पेश गर्नु पर्नेछ ।
३। वार्षिक कार्यसम्पादन करारका सूचनाहरु निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले तयार पारी नगरकार्यपालिकामा पेश गर्नुपर्नेछ ।

२३. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार :

१। कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गरिनेछ ।
२। कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद : ५

औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२४. वार्षिक खरिद योजना बनाउनु पर्ने :-

१। आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गरनउनु पर्नेछ ।
२। वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाले तयार गर्नेछ ।

२५. औषधी तथा स्वास्थ्य उपकरण खरिद :-

१। औषधी तथ स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिका स्वास्थ्य तथ सरसफाई शखाले प्रक्रिया अधि बढाउने छ ।
२। औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजानिक खरिद ऐन विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

२६. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण :-

१। खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्थापन नगरपालिका अभारभूत स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ ।

२। स्वास्थ्य उपकरण र औषधीको खरिद त्रैमासिक रुपमा गर्नुपर्ने छ। खरिदको परिमाण निर्धारण सम्बन्धीत स्वास्थ्य संस्थाहरुले माग गरे वमोजिम २०% मा नवढाईकन गर्नुपर्ने छ।

३। नगरपालिकाको स्वास्थ्य शाखाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ महिना भित्र सार्वजानिक गर्नु पर्नेछ।

४। सम्बन्धित सामुदायिक स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धी विस्तृत विवरण त्रैमासिक रुपमा सार्वजानिक गरि सोको प्रतिवेदन नगरपालिकाको स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ।

## परिच्छेद :- ६

## स्वास्थय सेवाको न्यूतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन

सम्बन्धी व्यवस्थापन

२७. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने :

१. नगरपालिकाले स्थानियस्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ। स्थानीय स्वास्थ्य अनुगमन समिनि मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरिए अनुसार कार्य गराउन निर्देशन दिनेछ।

२८. सामाजिम सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन

१। नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभवकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ।

२। आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गरि संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ।

२९. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियम :

१। स्वास्थ्य खानेपानी र खाद्य पदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक ब्यवस्था मिलाउनेछ।

२। प्रदुषण बढाउने उद्योग, संस्थान वा ब्यक्तिलाई सो सम्बन्धी सचेत गराउने, सुधार गर्न लगाउने वा बन्द गर्न सिफारिस गर्ने र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपुर्ति गराउन सिफारिस गर्न सक्नेछ।

३। सिफारिस वमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी ब्यवस्थापन मिलाउन सक्नेछ।

## परिच्छेद : ७

## महामारी रोग रोकथाम, फोहोर मैला ब्यवस्थापन सम्बन्धी

३०. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने :

१। स्थानीय तहमा नगरपालिकाको कुनै समुदायमा सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था, स्वास्थ्य चौकी, प्रा.स्वा.के., अस्पताल र स्वमसोविकालाई टिपोट गराउनु पर्नेछ।

२। कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयसोविकालाई गराउनु पर्नेछ।



कञ्चनरुप नगरपालिका

३। टिपोट गराइएका रोगिहरुको विवरण सम्बन्धीत स्वास्थ्य संस्थाहरुले मासिक रुपमा नगरपालिकाको स्वास्थ्य  शाखाको सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

३१. महामारी रोग रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने :-

१। स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्त्यमा सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

२। यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शर्तकता अपनाउनु, आवश्यक जनशक्ति परिचालन गर्न र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

३२. सूर्ती मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन :-

१। सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

२। खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइने छ ।

३। सुर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको विक्रि वितरण, नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटबजार जस्ता क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान गर्न पाउनेछैन ।

४। खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्न सक्नेछ ।

३३. सरसफई सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन :-

१। नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले ब्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईमा मापदण्डलाई तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

२। यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता स्वयंसेविकाहरु परिचालन गरि सबै घरपरिवार सम्म वितरण गर्नुपर्नेछ ।

३। घर निर्माण गर्दा शौचालयको फोहर ब्यवस्थापन गर्ने विधि र घरेलु फोहर विसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएको हुनुपर्नेछ ।

४। एक परिवारको शौचालय, ढल र फोहरमैला ब्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नाक्सानी पर्न गएमा सो को क्षतिपुर्ति हानी पुराउने परिवारले तिर्नुपर्ने छ ।

५। शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुनप्रयोग गरि कम्पोष्ट मल बनाएको अवस्थामा नगर कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ ।

३४. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस :-

१। राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य विषयका लागि अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द्र स्थापनाका लागि संम्बन्धित वडा र नगरपालिकाबाट सिफारिस लिनुपर्ने छ ।



कञ्चनरुप नगरपालिका

२। उपदफा १ बमोजिमको सिफारिस लिदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताब गरिएको हुनुपर्ने छ।

३। सिफारिसका लागि नगरपालिका आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ।

३५. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्ने :-

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संधिय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ।

३६. आमा समूह, धामि झाँक्री र आम्ची सेवाको अभिलेख अद्ययावधिक गरि तिनिहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियम गर्नेछ।

३७. नगरपालिका क्षेत्रभित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धीत संस्थाहरुले आफ्नो प्रगति विवरण मासिक र त्रैमासिक रुपमा नगरपालिका समक्ष बुझाउनु पर्ने छ।

३८. नगरपालिकाले अधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नेको लागि अन्यसरकारी निकाय, निजी व्यवसायिक , समाजिक संध/संस्था, ट्रष्ट र ब्यक्तिहरु संग विभिन्न कार्यहरुका लागि साँझेदारी गर्न सक्ने छ र तिनिहरुवाट औषधी, उपकरण, विशेषज्ञ विज्ञहरुको सहायता प्राप्त गर्न सक्ने छ।

३९. पुरनावेदन : तोकिएको आधिकारीले गरेको सजायको आदेश उपर कानुन वमोजिम पुरनावेदन लाग्ने छ।

४०. विनियम वनाउने अधिकार :-

१. यस कार्यविधि कार्यान्वयनको लागि नगर कार्यापालिकाले थप आवश्यक निर्देशिका वनाई लागु गर्न सक्ने छ।

४१. वाधा अडकाउ फुकाउने अधिकार :- यस कार्यविधिको उदेशय कार्यान्वयन गर्न कुनै वाधा-अड्काउ परेमा नगरपालिकाले त्यस्तो वाधा अड्काउ फुकाउन आदेश जारी गर्न सक्ने छ र त्यस्तो आदेश यसो कार्यविधिमा परे सरह मानिनेछ। तर यस्तो आदेश नगरकार्यापालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुने छ।

४२. बचाउ र लागु नहुने :-

१। यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोहि वमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन वमोजिम हुने छ।

२। संविधान संग वाँझिएको यस कार्यविधिको दफा तथा उपदफाहरु वाँझिएको हद सम्म स्वतः खारेज हुनेछ।

कञ्चनरुप नगरपालिका

अनुसूची १
(दफा २० को (२) सँग सम्बन्धित)

**समूह : हेल्थ इन्स्पेक्सन**

| सि.नं. | पद | तह |
|---|---|---|
| १ | प्रमुख जनस्वास्थ्य प्रशासक/निर्देशक | ११ |
| २ | वरिष्ठ जनस्वास्थ्य प्रशासक | १० |
| ३ | प्रमुख पोषण अधिकृत | ९/१० |
| ४ | जनस्वास्थ्य प्रशासक | ९ |
| ५ | वरिष्ठ जनस्वास्थ्य अधिकृत | ८ |
| ६ | वरिष्ठ पोषण अधिकृत | ८ |
| ७ | जनस्वास्थ्य अधिकृत | ७ |
| ८ | क्षय/कुष्ठ सुपरभाइजर अधिकृत | ७ |
| ९ | भेक्टर कन्ट्रोल सुपरभाइजर अधिकृत | ७ |
| १० | परिवार नियोजन सुपरभाइजर अधिकृत | ७ |
| ११ | खोप सुपरभाइजर अधिकृत | ७ |
| १२ | इण्टोमोलोजिष्ट | ७ |
| १३ | पोषण अधिकृत | ७ |
| १४ | परासाइटोलोजिष्ट | ७ |
| १५ | पोषण निरीक्षक | ६ |
| १६ | भेक्टर कन्ट्रोल सुपरभाइजर निरीक्षक | ६ |
| १७ | क्षय/कुष्ठ सुपरभाइजर निरीक्षक | ६ |
| १८ | परिवार नियोजन सुपरभाइजर निरीक्षक | ६ |
| १९ | खोप सुपरभाइजर निरीक्षक | ६ |
| २० | इण्टोमोलोजी निरीक्षक | ६ |
| २१ | पारासाइटोलोजि निरीक्षक | ६ |
| २२ | औलो सुपरभाइजर निरीक्षक | ६ |
| २३ | जनस्वास्थ्य निरीक्षक/ सि.अ.हे.व.अधिकृत | ६ |
| २४ | मलेरिया इन्सपेक्टर निरीक्षक/मलेरिया असिष्टेण्ट निरीक्षक/भेक्टर वर्न डिजिज कन्ट्रोल असिष्टेण्ट निरीक्षक/परिवार नियोजन निरीक्षक | ६ |
| २५ | कोल्डचेन निरीक्षक | ६ |
| २६ | हेल्थ असिस्टेन्ट | ५ |
| २७ | सि.अ.हे.व. | ५ |
| २८ | औलो सुपरभाइजर/भेक्टर कन्ट्रोल सुपरभाइजर | ५ |
| २९ | क्षय, कुष्ठ सुपरभाइजर | ५ |
| ३० | भेक्टर वर्न डिजिज कन्ट्रोल सुपरभाइजर | ५ |
| ३१ | वरिष्ठ मलेरिया इन्सपेक्टर/ वरिष्ठ मलेरिया असिस्टेन्ट/वरिष्ठ भेक्टर वर्न डिजिज कन्ट्रोल असिस्टेन्ट | ५ |
| ३२ | परिवार नियोजन सुपरभाइजर | ५ |
| ३३ | खोप सुपरभाइजर | ५ |
| ३४ | कोल्ड चेन सुपरभाइजर/वरिष्ठ ग्रामिण स्वास्थ्य कार्यकर्ता | ५ |
| ३५ | अ.हे.व. | ४ |
| ३६ | मलेरिया इन्सपेक्टर/मलेरिया असिस्टेन्ट/भेक्टर वर्न डिजिज कन्ट्रोल असिस्टेन्ट | ४ |
| ३७ | कोल्ड चेन असिस्टेन्ट | ४ |

| | | |
|---|---|---|
| ३८ | ग्रामिण स्वास्थ्य कार्यकर्ता | ४ |
| ३९ | सहायक स्वास्थय परिचारक | ४ |

**समूह : आयुर्वेद**

| सि.नं. | पद | तह |
|---|---|---|
| १ | महानिर्देशक | ११ |
| २ | निर्देशक | ११ |
| ३ | प्रमुख कन्सल्टेन्ट आयुर्वेद विज्ञ | ११ |
| ४ | प्रमुख कन्सल्टेन्ट भेषज विज्ञ | ११ |
| ५ | प्रमुख कन्सल्टेन्ट काय-चिकित्सक | ११ |
| ६ | प्रमुख कन्सल्टेन्ट स्त्री रोग तथा प्रसुती | ११ |
| ७ | प्रमुख कन्सल्टेन्ट कौमार्य भृत्य चिकित्सक | ११ |
| ८ | प्रमुख कन्सल्टेन्ट सल्य चिकित्सक/संज्ञा हरण चिकित्सक | ११ |
| ९ | प्रमुख कन्सल्टेन्ट सालाक्य चिकित्सक | ११ |
| १० | वरिष्ठ कन्सल्टेन्ट आयुर्वेद विज्ञ | १० |
| ११ | कन्सल्टेन्ट आयुर्वेद विज्ञ | ९ |
| १२ | वरिष्ठ कन्सल्टेन्ट भेषज विज्ञ | १० |
| १३ | वरिष्ठ कन्सल्टेन्ट काय चिकित्सक | १० |
| १४ | वरिष्ठ कन्सल्टेन्ट स्त्री रोग तथा प्रसुती चिकित्सक | १० |
| १५ | वरिष्ठ कन्सल्टेन्ट कौमार्य भृत्य चिकित्सक | १० |
| १६ | वरिष्ठ कन्सल्टेन्ट सल्य चिकित्सक/संज्ञा हरण चिकित्सक | १० |
| १७ | वरिष्ठ कन्सल्टेन्ट सालाक्य चिकित्सक | १० |
| १८ | कन्सल्टेन्ट भेषज विज्ञ | ९ |
| १९ | कन्सल्टेन्ट काय-चिकित्सक | ९ |
| २० | कन्सल्टेन्ट स्त्री रोग तथा प्रसुती | ९ |
| २१ | कन्सल्टेन्ट कौमार्य भृत्य चिकित्सक | ९ |
| २२ | कन्सल्टेन्ट सल्य चिकित्सक/संज्ञा हरण चिकित्सक | ९ |
| २३ | कन्सल्टेन्ट सालाक्य चिकित्सक | ९ |
| २४ | आयुर्वेद चिकित्सक | ८ |
| २५ | वरिष्ठ कविराज निरीक्षक | ७ |
| २६ | कविराज निरीक्षक | ६ |
| २७ | वैद्य निरीक्षक | ६ |
| २८ | कविराज (आयुर्वेद सहायक) | ५ |
| २९ | वरिष्ठ वैद्य | ५ |
| ३० | वैद्य | ४ |

आज्ञाले,

पेशल कुमार पोखरेल

नि. प्रमुख प्रशासकीय अधिकृत

कञ्चनरुप नगरपालिका